annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २०४ पृष्ठ १० | काठमाडौं, शुक्रबार १४ मंसिर २०८१ | मार्ग कृष्णपक्ष चतु[illegible]पात संवत् ११४५ | FRIDAY, NOVEMBER 29, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## गौरवका आयोजना

# वर्षौंदेखि 'होल्ड', लागत बढेको बढ्यै

नाम, राष्ट्रिय गौरवका आयोजना। काम- गौरवका आयोजना भन्नु नै जालमदों अवस्था। निर्माणमा ढिलाइ/हेलचेक्र्याइँ/अलमल हुँदा यी आयोजनाको लागत बढेको बढ्यै छ। जसकारण, आयोजना महँगो हुँदै गएका छन्। सरकारी स्रोतको दुरुपयोग बढेको छ। मुलुकको महत्वपूर्ण समय सित्तैमा खेर गइरहेको छ। देशको मुहार फेर्ने आयोजना नबन्दा राज्यले प्रतिफल पाउन सकेको छैन। आयोजनाका लागि लिइएको ऋणको ब्याज बढेर राज्यलाई बोझ थपिँदै गएको छ।



**राष्ट्रिय गौरवका आयोजनाहरूको सुरु लागत र संशोधित लागत (रु.करोडमा)**

| आयोजना | सुरुको लागत | संशोधित लागत |
|---|---|---|
| सिक्टा सिँचाइ आयोजना | १२८० | २५०२ |
| बबई सिँचाइ आयोजना | २८७ | १८९६ |
| रानीजमरा कुलरिया सिँचाइ आयोजना | १२३७ | २७७० |
| सुनकोशी मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजना | ४६१९ | ४६१९ |
| महाकाली सिँचाइ आयोजना | ३५०० | ३५०० |
| भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना | १६४३ | ३६८० |
| बूढीगण्डकी जलविद्युत् आयोजना | २६००० | ३९८०२ |
| विद्युत् प्रसारण आयोजना | ७५०० | ६१२६ |
| निजगढ अन्तर्राष्ट्रिय विमानस्थल | १६५०० | १६५०० |
| रेल वे तथा मेट्रो विकास आयोजना | ७०६२ | ९५५२२ |
| हुलाकी लोकमार्ग | ४७२४ | ६५२० |
| पुष्पलाल मध्यपहाडी लोकमार्ग | ३३३६ | ८४३३ |
| उत्तर दक्षिण (कोशी करिडोर) लोकमार्ग | १६२० | ११९३ |
| उत्तर दक्षिण (कालीगण्डकी करिडोर) लोकमार्ग | २४०० | २४०० |
| उत्तर दक्षिण (कर्णाली करिडोर) लोकमार्ग | ४१० | ६६६ |
| काठमाडौं-तराई-मधेस द्रुतमार्ग | ११६०० | १७५१९ |
| मेलम्ची खानेपानी आयोजना | २४०० | ३१३६ |
| पशुपति क्षेत्र विकास कोष | १२७ | २२७ |
| लुम्बिनी क्षेत्र विकास कोष | ५५५ | १३२६ |
| राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | १२५ | २४९७० |

सुरेन्द्र काफ्ले / सुनिता कार्की | *काठमाडौं*

\- को रिपोर्ट

समाचार पृष्ठ २

## सरकारको कूटनीतिक सन्तुलन

# माथिल्लो कर्णालीमा जीएमआरका २ साझेदारलाई मान्यता



### सतलज र इरेडा भित्रिएपछि लगानी व्यवस्थापनमा सहजता, हटचो कानुनी झन्झट

**सुनिता कार्की** | *काठमाडौं*

सरकारले प्रधानमन्त्रीको चीन भ्रमणको पूर्वार्द्धमा भारतीय कम्पनी ग्रान्धी मल्लिकार्जुन राओ (जीएमआर) को साझेदारका रूपमा त्यहाँको सरकारी कम्पनी सतलजलाई ९ सय मेगावाटको माथिल्लो कर्णालीमा मान्यता दिएको छ। यसलाई कूटनीतिक सन्तुलनका रूपमा हेरिएको छ।

यससँगै अब माथिल्लो कर्णालीको निर्माणमा सहजता थपिएको छ। माथिल्लो कर्णाली निर्माता कम्पनी जीएमआरले आफ्नो इक्विटी सेयर सतलज जलविद्युत् कम्पनी (एसजेभिएन) लाई बेच्ने निर्णयसँगै लगानी बोर्डमा प्रस्ताव गरेको थियो। बोर्डको बिहीबार बसेको ६०औं बैठकले एसजेभिएनलाई माथिल्लो कर्णालीमा सेयर लगानीकर्ताका रूपमा भित्रिन स्वीकृति दिएको हो।

एसजेभिएनले नेपालका अरुण तेस्रो आयोजना निर्माण गरिरहेको छ। एसजेभिएनसँगै अर्को भारतीय सरकारी कम्पनी इन्डियन रिन्यूएबल इनर्जी डेभलपमेन्ट एजेन्सी (इरेडा) पनि माथिल्लो कर्णालीमा भित्रिएको छ।

माथिल्लो कर्णाली जीएमआरबाट रद्द गराउने संघारमा पुगेको बेला इक्विटी सेयरमा नयाँ लगानीकर्ता भित्र्याउनु ब्रेक थ्रु भएको बोर्डका प्रवक्ता प्रद्युम्नप्रसाद उपाध्यायले बताए। 'माथिल्लो कर्णालीले वित्तीय व्यवस्थापन गर्न सकिरहेको थिएन। २०७१ देखि म्याद थप हुँदै-हुँदै आएको थियो। यसलाई रद्द गर्ने कि भन्ने संघारमा पुगेको बेलामा अब समाधान निस्किएको छ,' उनले अन्नपूर्णसँग भने।

जीएमआरले यही भदौमा सेयर इक्वटी बेच्ने गरी एसजेभिएन र इरेडासँग सम्झौता गरेको थियो। त्यसपछि लगानी बोर्डलाई सेयर बिक्री सम्झौता स्वीकृतिका लागि प्रस्ताव गरेको थियो। जीएमआरले यही माघ ४ गतेभित्र वित्तीय व्यवस्थापन गरिसक्नुपर्ने भएकाले बोर्डको यो स्वीकृति महत्वपूर्ण छ। सर्वोच्च अदालतले १ सय ८६ दिनको अन्तिम निर्णयात्मक आदेश दिँदै २०८१ साल माघ ४ गतेभित्र वित्तीय व्यवस्थापन गर्न भनेको थियो।

२०७१ सालमा भएको आयोजना विकास सम्झौता (पीडीए) अनुसार माथिल्लो कर्णालीमा जीएमआरको नै स्वामित्व वा नियन्त्रण बढी हुनुपर्ने प्रावधान छ। यसलाई पूरा गर्न ज्वाइन्ट भेन्चर (जेभी) सम्झौता गर्नुपर्ने हुन्छ। यसका लागि जिएमआरले सञ्चालक समिति सदस्यहरू ९ जना हुने गरी लगानी बोर्डमा प्रस्ताव गरेकोमा बोर्डले थप २ जना गरेर ११ बनाउन सुझाएको उपाध्यायले जानकारी दिए।

समितिमा जीएमआरबाट ३ जना, एसजेभिएन ३, इरेडाको १, प्राधिकरणको २ र स्वतन्त्र २ गरी ११ सदस्यीय हुनुपर्ने छ। स्वतन्त्रमा एकजना नेपाली हुनुपर्ने भनिएको उनले बताए। यसपछि मात्र जीएमआर वित्तीय व्यवस्थापनमा जान सक्छ। नेपाल इन्भेस्टमेन्ट मेघा बैंकको पनि माथिल्लो कर्णालीमा लगानी रहने छ।

कम्पनीले एसजेभिएनलाई ३४ प्रतिशत र आईआरइडीएलाई ५ प्रतिशत इक्विटी बेचेको हो। अब जीएमआरसँग ३४ प्रतिशत इक्विटी छ भने २७ प्रतिशत हिस्सा नेपाल विद्युत् प्राधिकरणले नि:शुल्क पाइसकेको छ। अब भारतीय २ कम्पनी र जीएमआरले मिलेर आयोजना विकास गर्ने छन्। जीएमआरले २०६३ सालमा माथिल्लो कर्णाली निर्माणका लागि निवेदन दिएको थियो।

कम्पनीले २०६५ सालमा आयोजना निर्माणको जिम्मा पाएको थियो। उक्त कम्पनीले अरुण तेस्रो र माथिल्लो कर्णाली जलविद्युत् आयोजना निर्माणका लागि बिडिङ गरेकामा अरुण तेस्रोलाई पन्छाउँदै माथिल्लो कर्णालीलाई रोजेको थियो।

पीडीएअनुसार २ वर्षभित्र वित्तीय व्यवस्थापन र बाँकी ५ वर्ष निर्माण अवधि गरी ७ वर्षमा आयोजना पूरा गर्ने सम्झौतामा उल्लेख छ। पीडीएको 'टाइमलाइन' बमोजिम काम गर्न नसकी जीएमआरले म्याद थपकै चक्करमा वर्षौं गुजारेको छ।

» बाँकी पृष्ठ ६

RAMESH CORP.

LITMUS CABLES — QUALITY मा NO. 1

NEPAL'S LARGEST MANUFACTURER OF WIRES CABLES CONDUCTORS



LV POWER CABLES
PVC/XLPE/FRLS/FR/ZH

POWER TRANSMISSION AND DISTRIBUTION
ACSR CONDUCTORS | ABC CABLES | XLPE COVERED CONDUCTORS

COMMERCIAL AND INDUSTRIAL WIRING
LV POWER CABLES | CONTROL CABLES | SUBMERSIBLE CABLES

INDUSTRIAL ELECTRICAL USES
ENAMEL WINDING WIRES | PAPER INSULATED COPPER STRIPS | ANNEALED BARE COPPER WIRES

RESIDENTIAL WIRING
ECOWIRE-ZH | FRLS FIRE RETARDANT LOW SMOKE | CONCENTRIC CABLES | FR FIRE RETARDANT | FLEXIBLE TWIN TWISTED CABLES

LITMUS INDUSTRIES LIMITED | NS QUALITY AWARD WINNER | 47+ YEARS INDUSTRY EXPERIENCE | 500+ EMPLOYEE STRENGTH | ADVANCED GERMAN TECHNOLOGY | 2 PLANTS STATE-OF-ART FACILITIES | STRONG DISTRIBUTION | 72000+ KMPA PRODUCTION CAPACITY

9801914455
litmus@rameshcorp.com
www.litmus.com.np